







# विकास परिचय
# फोटो फिचर २०७९


**बगनासकाली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
चिर्तुङधारा, पाल्पा

# विकास परिचय फोटो फिचर
## २०७९

स्थानीय तहको निर्वाचन २०७४ पश्चात बगनासकाली गाउँपालिकाले आफ्नो बजेट, प्रदेश र संघीय सरकारसंग साझेदारमा थुपैं साना ठुला विकास निर्माणका योजनाहरु निर्माण गर्न सफल भएको छ । पालिकाका वस्तीसम्म सडक सञ्जाल बिस्तार र खानेपानी सुविधा, विद्यालय भवन तथा सामुदायिक भवनहरु बनेका छन् । पालिकामा रहेका धार्मिक र पर्यटकीय स्थलहरूको संरक्षण र विकास भएका छन् ।

जनताको आयआर्जन बृद्धि, रोजगारी सिर्जना, भौतिक पूर्वाधारहरूको विकास, पर्यटकीय, धार्मिक र साँस्कृतिक पहिचान दिने सम्पदाहरूको विकासमा पालिकाको मुख्य चासो देखिन्छ । पालिकाले यस अवधिमा गरेका विकास निर्माणबाट जनताले प्राप्त गरेका लाभ र उनीहरूको जिवनस्तरमा आएको सुधारलाई फोटो फिचरबाट प्रचारप्रसार गर्ने प्रयास गरिएको छ । जसले गर्दा जनप्रतिनिधिले गरेको कामको प्रभाव देखाउन सकिएको छ भने पालिकाको विकासमा के परिर्वतन भयो भन्ने पत्ता लगाउने बल पुगेको छ । पालिकामा विकासले लिएको गतिका बारेमा सचित्र वर्णन सहितको विकास परिचय फोटो फिचर एक महत्वपूर्ण दस्तावेज तयार भएको छ ।

## यस भित्र


| | | |
|---|---|---|
| १. | प्रमुख उपलब्धीहरु | १-२ |
| २. | भवन निर्माणमा जोड | ३-५ |
| ३. | स्वास्थ्यमा सुधार | ५-९ |
| ४. | सामुदायिक भवनहरु | १०-१४ |
| ५. | विद्यालय भवनहरु | १५-१७ |
| ६. | सडक सञ्जाल | १८-२३ |
| ७. | सडक ढलान | २३-२६ |
| ८. | खानेपानी | २७-३० |
| ९. | अन्य संरचना | ३०-३२ |
| १०. | खेलमैदान | ३३-३५ |
| ११. | धार्मिक पर्यटन | ३५-३९ |
| १२. | विद्युतीकरण | ३९-४० |
| १३. | कृषि | ४०-४१ |




## खरको छाना विस्थापन

बर्षाद् र आगलागीबाट बचाउन पालिकाले खर र फुसको छाना भएका घरपरिवारलाई जस्तापाता वितरण गरेको थियो । घर चुहिएर ओत लगाउन धौ भएको २ सय ५२ घरपरिवारलाई ७ सय ५६ बण्डल जस्तापाता वितरण गरिएको हो । खर र फुसको छानामुक्त गाउँपालिका घोषणा २०७७ फागुन १२ गते गरिएको थियो । यस कार्यक्रममा कुल ६९ लाख बजेट खर्च भएको थियो ।




## बालमैत्री गाउँपालिका घोषणा

बालमैत्री स्थानीय शासनका ५१ वटा सूचकहरु पूरा गरेर २०७७ चैत्र १४ गते लुम्बिनी प्रदेशको पहिलो बालमैत्री गाउँपालिका घोषणा गरिएको थियो । बाल बचाउ, वाल संरक्षण, बाल विकास, वाल सहभागिता र संस्थागत विकासका सूचकहरु मुल्यांकन गरेर प्राप्त नतिजालाई आधार मानेर बालमैत्री घोषणा गरिएको हो । यस अन्तर्गत ९ वडाभित्र ९५ वटा बालक्लव गठन भएका थिए ।






## स्वास्थ्यमा उल्लेख्य सुधार

२०७६ मंसिर ४ गते पूर्णसंस्थागत सुत्केरी गाउँपालिका घोषणा गरिएको छ । सबै स्वास्थ्य चौकीहरूबाट प्रसुति सेवा सञ्चालन गर्ने उद्देश्यले हालसम्म ४ वटा स्वास्थ्य चौकीहरूबाट सेवा प्रदान गरिएको छ । नायरनम्तलेस र चापपानी स्वास्थ्य चौकीबाट २०७६ देखि प्रयोगशाला सेवा सञ्चालनमा रहेको छ । पालिकाले दीर्घरोगीहरूलाई निःशुल्क औषधि वितरण र घर घरमा सुत्केरी जाँच तथा जेष्ठ नागरिक जाँच सेवा प्रदान गरेको छ ।






## प्रशासकीय भवन

पालिकाको बहुउद्देश्यीय प्रशासकीय भवन निर्माणका लागि २०७८ फागुन ८ गते निर्माण व्यवसायीसँग सम्झौता भई काम भइरहेको छ । वडा नं. १ चिलाङ्दीमा ६ करोड ४७ लाख लागतमा १८ महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको हो । २ वटा हल सहित झण्डै २५ कोठा भएको चार तले भवनमा लिफ्ट समेत राख्ने गरी डिजाइन भएको छ ।



## वडा कार्यालय भवन

वडा नं. ४ खानीछापको वडा कार्यालय भवन आर्थिक बर्ष २०७६/०७७ मा २५ लाख बजेट विनियोजन गरेर निर्माण थालिएको हो । बर्षेनी यस भवनमा पालिकाले लगानी गरेको छ । हालसम्म भवन र कम्पाउण्ड वाल सहित ४४ लाख लगानी भएको छ । वडा कार्यालय विद्यालयको भवनबाट सञ्चालन गर्नुपरेपछि पालिकाले प्राथमिकता राखेर वडा कार्यालय निर्माण गरेको हो । हुलाक कार्यालय पनि यही भवनमा राखिएको छ ।



## ट्रस हल निर्माण

वडा नं. ५ दर्लामडाँडा वडा कार्यालयको माथिल्लो तलामा ट्रस हल निर्माण गरिएको छ । आर्थिक बर्ष २०७७/०७८ मा ५ लाख बजेट विनियोजन गरेर ५ मिटर चौडाइ १० मिटर लम्बाईको हल निर्माण थालिएको हो । ६ लाख ८० हजार लागनी भएको यो हल बनेपछि बैठकदेखि विभिन्न तालिमहरु सञ्चालनमा सहज भएको छ ।




## वडा कार्यालय भवन

पालिकाले वडा कार्यालयहरूको भवन बनाउने र व्यवस्थित गर्ने कार्यलाई प्राथमिकता दिएको थियो । वडा नं. ७ खानीगाउँको वडा कार्यालयलाई पनि व्यवस्थित गरिएको छ । आर्थिक बर्ष २०७६/०७७ र २०७७/०७८ मा करिब ११ लाख लगानी गरेर वडा कार्यालयलाई व्यवस्थित गरिएको हो । सहकारी संस्थाको भवनमा तला थप गरी ७ वटा कोठा सहितको वडा कार्यालय बनाइएको हो ।

## स्वास्थ्यमा सुधार




## कोभिड अस्पताल बन्दै

पालिकाको वडा नं. २ पोखराथोकमा सिद्धार्थ राजमार्गसँग जोडेर सुविधासम्पन्न कोभिड अस्पताल बनाउने तयारी गरेको छ । वडा कार्यालय र पालिककाको अस्पताल निर्माणमा करिब ५६ लाख लगानी भएको छ । नीजि क्षेत्रबाट सञ्चालन गर्न खोजिएको अस्पताल अलपत्र परेपछि पालिकाले व्यवस्थापन गर्न थालेको हो । २२ कोठा सहितको तिन तला भवन निर्माण भएको छ । अक्सिजन र अन्य उपकरणहरूको व्यवस्था गरेर कोरोना कहरको दोस्रो र तेस्रो लहरमा कोरोना संक्रमितहरूको उपचार गरिएको थियो ।





## बन्दै स्वास्थ्य चौकी भवन

वडा नं. १ चिर्तुङधारा, वडा नं. २ पोखराथोक नयाँ स्वास्थ्य चौकी भवन निर्माण भइरहेका छन् । २०७६/०७७ बाट निरन्तर बजेटको व्यवस्था गरेर यी स्वास्थ्य चौकीहरु बनाइएको हो । चिर्तुङधारामा ९० लाख लागतमा १० कोठाको सुविधासम्पन्न २ तले स्वास्थ्य चौकी बनिरहेको छ । पोखराथोकमा ३८ लाख २५ हजारमा उपभोक्ता समितिले स्वास्थ्य चौकीको पहिलो तला निर्माण गरेका छन् ।




## चापपानी स्वास्थ्य चौकीको स्तरउन्नति

वडा नं. ९ चापपानी स्वास्थ्य चौकीबाट प्रदान गरिने सेवाहरु निरन्तर थप गरिएको छ । यहाँबाट प्रयोगशाला सेवा र प्रसुति सेवा सहितका अन्य स्वास्थ्य सेवा प्रदान गरिएको छ । भारत सरकारबाट प्राप्त एम्बुलेन्स मार्फत यस भेगका बासिन्दालाई स्वास्थ्य संस्थासम्म आउन र घर फर्किन सहयोग पुगेको छ ।



## स्वास्थ्य चौकीमा तालिम हल

वडा नं. ३ नायरनमतलेस स्वास्थ्य चौकीमा पालिकाले करिब १० लाख लागतमा तालिम हल निर्माण गरेको छ । करिब ७० जना अट्ने क्षमता भएको तालिम हल बनेपछि स्वास्थ्य सम्बन्धित विभिन्न तालिम सञ्चालनमा सहज भएको छ । तालिम हलसंगै एउटा अफिस कोठा समेत बनाइएको छ ।



## बन्यो स्वास्थ्य चौकी भवन

वडा नं. ४ खानीछापमा पनि स्वास्थ्य चौकी भवन निर्माण भइरहेको छ । पालिकाको पहलमा ९० लाख लागतमा १० कोठाको सुविधासम्पन्न २ तले स्वास्थ्य चौकी भवन बनेको हो । २०७५/०७६ मा बजेट व्यवस्था गरेर निर्माण थालिएको स्वास्थ्य चौकी भवनबाट सेवा सञ्चालनमा आएको छ ।




## सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालन

वडा नं ६ दर्पुकका स्थानीय बासिन्दालाई स्वास्थ्य चौकीसम्म स्वास्थ्य सेवा लिन टाढा भएपछि गाउँमै सामुदायिक स्वास्थ्य केन्द्र स्थापना गरिएको हो । आर्थिक बर्ष २०७६/०७७ देखि ३ बर्षसम्म १० लाख बजेट विनियोजन गरेर नयाँ भवन निर्माण र सेवा सञ्चालन गरिएको छ । स्वास्थ्य केन्द्र स्थापना भएपछि यस भेगका स्थानीयलाई निकै राहत पुगेको छ ।





## स्वास्थ्य सुधार गर्दै खानीगाउँ

पूर्ण संस्थागत सुत्केरी सुनिश्चितता पालिकालाई निरन्तरता दिन खानीगाउँ स्वास्थ्य चौकीमा प्रसुति सेवा सञ्चालन भएको छ । यस भेगका स्थानीयलाई तानसेनसम्म आउने बाध्यतालाई हटाउन स्वास्थ्य चौकी प्रसुति सेवा सुरु गरिएको हो ।



## सामुदायिक भवन

पालिकाले वडा र समुदायस्तरमा सामुदायिक भवनहरु निर्माण गरेको छ । ९ वटै वडाभित्र ५ बर्षको अवधिमा २७ वटा सामुदायिक भवनहरू निर्माण भएका छन् । वडा नं. १ चिर्तुङ्धारामा खोरबारी सामुदायिक भवनमा आर्थिक बर्ष २०७८/०७९ मा बजेट व्यवस्थापन गरेर ट्रस राखेर व्यवस्थित बनाइएको छ ।



## तरकारी संकलन केन्द्र

वडा नं. २ पोखराथोक गोफेकमा तरकारी संकलन केन्द्र स्थापना गरिएको छ । वडा नं १ र २ माडीमा उत्पादित तरकारी बजारसम्म पुऱ्याउन यो संकलन केन्द्रलाई व्यवस्थित गरिएको छ । लुम्बिनी प्रदेश सरकार र पालिकाको संयुक्त लगानीमा अफिस कोठा सहितको संकलन केन्द्र बनाइएको हो । पालिकाको ३ लाख र प्रदेश सरकारको १० लाख बजेट परिचालन भएको छ ।



## टोल भवन निर्माण

वडा नं. ३ आर्यभञ्जाङ्ग सिंचासमा टोल भवन निर्माण भएको छ । आर्थिक बर्ष २०७६/०७७ मा ५ लाख र २०७७/०७८ मा एक लाख बजेट विनियोजन गरेर टोल भवन निर्माण गरिएको हो । अफिस कोठा र हल सहितको भवन बनेपछि आमासमुह र अन्य क्लबहरूको बैठक बस्न तथा सामग्री राख्न सहज भएको छ ।



## सिद्धबावा धर्मशाला

वडा नं. ५ दर्लामडाँडा अर्थात् राम्दीधाममा तिर्थयात्रीलाई लक्षित गरेर धर्मशाला निर्माण गरिएको छ । राम्दी र सिद्धबाबा मन्दिरमा आउने धार्मिक तिर्थयात्रीहरूलाई लक्षित गरेर सिद्धगुफा नजिकै धर्मशाला निर्माण गरिएको छ । लुम्बिनी प्रदेश सरकारको २० लाख लगातमा निर्माण भएको धर्मशालामा १ सय जना अट्ने छन् । पालिकाले यहाँ खानेपानी, शौचालय र न्यालिङ र रंगरोगनको काम गरेको छ ।





## सहकारी र आमासमुह भवन

वडा नं. ४ खानीछापमा एक सहकारी भवन र ७ वटा सामुदायिक भवनहरु निर्माण भएका छन् । सहकारी भवन पालिका र वडाको ९ लाख ५० हजार र अन्य साझेदारी निकायको सहयोगमा निर्माण भएको हो । आर्थिक बर्ष २०७८/०७९ मा ४ लाख परिचालन गरेर गोबन्दी आमा समुह भवन निर्माण गरिएको छ । पालिकाको बजेटका अतिरिक्त समुहका भवन निर्माणमा उपभोक्ताहरु उल्लेख श्रम परेको छ ।



## सुर्यमुखी महिला सहकारी

वडा नं ७ खानीगाउँमा कृषि तथा पशु उत्पादन बजारसम्म लैजान सहज बनाउने उद्देश्यले सहकारी भवन निर्माण गरिएको छ । आर्थिक बर्ष २०७५/०७६ मा ५ लाख र त्यसपछि हरेक आर्थिक बर्षमा पालिकाले लगानी गरेको छ । दुई तले भवनमा लक्षित वर्गको बजेट समेत परिचालन भएको छ ।




## बहुउद्देश्यीय सहकारी संस्था

बगनासकाली बहुउद्देश्यीय सहकारी संस्थामा स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमबाट आर्थिक बर्ष २०७७/०७८ मा १९ लाख बजेट परिचालन गरेर व्यवस्थित गरिएको हो । दुई तले ८ कोठाको यस भवन बनेपछि दुध, तरकारी र अन्य कृषि उत्पादन संकलन गरेर बजारसम्म पुऱ्याउने गरिएको छ । बराङ्दी र चापपानीका सहकारी संस्थाहरु मिलाएर यस सहकारीले एकिकृत सेवा सञ्चालन गरेको छ ।



## सामुदायिक सिकाइ अध्ययन केन्द्र

वडा नं. ९ चापपानीका स्थानीय बासिन्दालाई लक्षित गरेर लिधिनडाँडा सामुदायिक सिकाइ अध्ययन केन्द्र सञ्चालन गरिएको छ । वडा र पालिकाको पहलमा बजेट व्यवस्थापन गरेर २ तले भवन निर्माण गरेसंगै अध्ययन केन्द्र सञ्चालन भएको हो । आर्थिक बर्ष २०७४/०७५ बाट नै बजेट परिचालन गरिएको हो । अध्ययन केन्द्रसम्म पुग्ने ८० मिटर सडक समेत ७ लाख बजेटमा ढलान गरिएको छ ।



## सहकारी संस्था भवनमा जोड

वडा नं. ९ चापपानी झिरभञ्ज्याङमा रहेको मालारानी बचत तथा ऋण सहकारी संस्थाको भवन निर्माण भइरहेको छ । जिल्ला समन्वय समिति र पालिकाको ६० र ४० प्रतिशत साझेदारीमा भवन निर्माण भइरहेको छ । यस अगाडि १० लाख र आर्थिक बर्ष २०७८/०७९ मा ९ लाख बजेट विनियोजन भएको छ । सहकारीले समुदायस्तरमा आयआर्जन बृद्धिका गतिविधि समेत सञ्चालन गरेको छ ।




## प्राविधिक शिक्षालय सञ्चालन

चन्द्र माध्यमिक विद्यालय चापपानीले प्राविधिक शिक्षा सञ्चालन गरेको छ । सिभिल इन्जिनियरिङ् पढाइ हुने यस विद्यालयको भौतिक पूर्वाधार विकासमा उल्लेखनीय प्रगति हासिल भएको छ । गाउँपालिका, शिक्षा विकास तथा समन्वय इकाई र राष्ट्रिय भुकम्प पुनःनिर्माण प्राधिकरणबाट भवन सहित अन्य संरचना निर्माण भइरहेको छ । ७४ लाख र ८२ लाखका यहाँ विद्यालय भवनहरु र छात्राबास निर्माण भएका छन् ।



## विद्यालय भवनको स्तरउन्नति

राम माध्यमिक विद्यालय खानीछाप राम्दीमा भौतिक पूर्वाधार सुधारको काम निरन्तर भइरहेको छ । गाउँपालिकाले विद्यालय भवनमा तला थप गरेर कक्षाकोठा थप गरेको छ । आर्थिक बर्ष २०७७/०७८ मा १६ लाख लगानीमा ट्रस राखेर ४ वटा कक्षाकोठा निर्माण गरेको छ ।



## विद्यालय भवनको स्तरउन्नति

विद्यालयको शैक्षिक सुधारमा सहयोग गर्ने उद्देश्यले पालिकाभित्रका विभिन्न विद्यालयमा पालिकाले आवश्यकता अनुसार भौतिक पूर्वाधार विकासमा सहयोग गरेको छ । वडा नं. ३ नायरनमतलेसको सिद्धि माध्यमिक विद्यालय आर्थिक बर्ष २०७७/०७८ मा १२ लाख लगानीमा विद्यालय भवन माथि ट्रससहित कक्षाकोठा थप, रेलिङ्ग निर्माण, अन्य मर्मत र रंगरोगन गर्ने काम भएको छ ।



## विद्यालयमा भूईं ढलान तथा कम्पाउण्ड वाल

वडा नं २ पोखराथोकको बिष्णु माध्यमिक विद्यालय परिसरमा धुलाम्मे भएपछि परिसरको भूईं ढालन गरिएको छ । सडकसंगै जोडिएको विद्यालयको सुरक्षाका लागि कम्पाउण्ड वाल समेत निर्माण गरिएको छ । लुम्बिनी प्रदेश सरकार र गाउँपालिकाको झण्डै १२ लाख लागतमा भूईं ढलान र कम्पाउण्ड वाल निर्माण भएसंगै विद्यालयका अतिरिक्त क्रियाकलाप र खेलकूँदका गतिविधि सञ्चालनमा सहज भएको छ ।




## भवनमा तला थप

वडा नं. ४ खानीछाप राम्दी प्राथमिक विद्यालय सञ्चालनमा कक्षाकोठा अभाव भएपछि कोठा थप गरिएको छ । पुरानो भवनको माथि ट्रस राखेर कोठाहरु बनाइएको हो । आर्थिक बर्ष २०७६/०७७ मा करिब १४ लाख लागतमा ४ कोठा थप भएपछि समस्या टरेको छ ।



## कक्षाकोठा व्यवस्थापन

वडा नं ७ खानीगाउँको खानीगाउँ माध्यमिक विद्यालयमा कक्षाकोठा थप गरिएको छ । आर्थिक बर्ष २०७६/०७७ मा १६ लाखमा कक्षाकोठा निर्माण भइरहेको भवनमा तला थप गरी ट्रस राखेर कक्षाकोठा बनाइएको हो । पर्याप्त कक्षाकोठा बनेसँगै विद्यार्थीहरुको शैक्षिक सुधारमा बल पुगेको छ ।



## मुख्य सडक कालोपत्रे

बुलठाँकी-झिरभञ्जाङ-देउराली-खानीगाउँ सडक बगनसकाली गाउँपालिकाको मुख्य सडक हो । आर्थिक बर्ष २०७६/०७७ मा ५० लाख र २०७७/०७८ मा २० लाख बजेट विनियोजन गरेर कालोपत्रे गरिएको छ । करिब १.५ किलोमिटर सडक कालोपत्रे भएको हो । सडक कालोपत्रे भएपछि शिवासन धार्मिक क्षेत्र, रानीमहल दरबार र दैलातुङ्ग पुग्नसमेत सहज हुनेछ ।



## सन्तोक बौद्धगुम्बा जाने सडक कालोपत्रे

वडा नं. १ चिर्तुङधारामा पर्ने यो सडक पालिकाको अर्को कालोपत्रे सडक हो । सिद्धार्थ राजमार्गदेखि सन्तोक बौद्धगुम्बासम्म करिब १ किलोमिटर सडक कालोपत्रे गरिएको छ । आर्थिक बर्ष २०७८/०७९ मा संघीय सरकारबाट प्राप्त ८४ लाख लागतमा यो सडक कालोपत्रे भएको हो । सडक कालोपत्रे भएसँगै माडी क्षेत्रबाट कृषि उत्पादन ल्याउन र सिद्धार्थ राजमार्गदेखि माडीसम्मको यात्रा गर्न सहज हुनेछ ।



## सडकको निरन्तर स्तरउन्नति

वडा नं. २ पोखराथोकका सडकहरूमध्ये मुख्य सडक वडा कार्यालयदेखि ठुलाचौपारीसम्मको सडक निरन्तर स्तरउन्नति भइरहेको छ । २.५ किलोमिटर यो सडकमा ढलान, नाली निर्माण र सडक चौडा गर्ने काम निरन्तर भइरहेको हो । आर्थिक २०७७/०७८ मा यो सडकमा १५ लाख बजेट विनियोजन गरी एक सय मिटर ढलानसहित स्तरउन्नतिको काम भएको थियो ।



## नाली निर्माणमा जोड

वडा नं. ५ दलर्मडाँडाको मुख्य सडक दरूङ्गा-दर्लाममहाकाली-सुपारे सडकमा नाली निर्माण सहितको स्तरउन्नतिको काम निरन्तर भइरहेको छ । करिब ५ किलोमिटर सडकलाई आर्थिक बर्ष २०७६/०७७ मा ७ लाख र २०७७/०७८ मा ५० लाख बजेट विनियोजन गरेर स्तरउन्नति गरिएको हो । यस सडकमा नाली निर्माणसंगै कजवे बनाउने, ढलान गर्ने, हिमपाइप राख्ने र टेवापर्खाल लगाउने काम भएको छ ।





## सडक फराकिलो बनाउँदै

वडा नं. ३ को नायरनमतलेसको मुख्य सडक चौपारी-आर्यभञ्ज्याङ-सिंचास-देउराली सडकको निरन्तर स्तरउन्नति गरिएको छ । सडक कम्तीमा ७ मिटर चौडा हुनेगरी फराकिलो र ग्राभेल गरिएको छ । सडकको २ किलोमिटर क्षेत्रमा टेवा पर्खाल, नाली निर्माण र हिमपाइप राख्ने काम भएको छ । विभिन्न आर्थिक बर्षमा गरी करिब १ करोड बजेट परिचालन भएको छ । सडक स्तरउन्नति भएसँगै आर्यभञ्जाङ्गबाट दमकडा र मदनपोखरा जान सिधा सडक हुनेछ ।





## सडक ग्राभेलमा जोड

वडा नं ४ खानीछापको प्रमुख सडक चौपारी-खानीछाप-भालेवास-मलेङ-राम्दी सडक पालिकाले निरन्तर स्तरउन्नति गरेको छ । आर्थिक बर्ष २०७७/०७८ मा २५ लाख र आर्थिक बर्ष २०७८/०७९ मा ५० लाख रकम विनियोजन गरेर सडक ग्राभेल सहित स्तरउन्नति गरिएको छ । करिब ८ किलोमिटर लम्बाई रहेको यस सडकमा सडक चौडा गर्ने र ग्राभेल गर्ने काम भएको छ ।



## वडाको प्राथमिकतामा सडक

वडा नं. ६ यम्घाको प्रमुख सडक टोक्से-लाम्दी-मन्ध्रानलाई वडाले प्राथमिकतामा राखेर स्तरउन्नति गरेको छ । करिब ८ किलोमिटर यस सडकमा पालिकाले २ आर्थिक बर्षमा ६२ लाख बजेट परिचालन गरेको छ । सडकको विभिन्न स्थानमा टेवा पर्खाल लगाउने, ग्राभेल बिच्छाउने, पक्की नाली निर्माण, हिमपाइप राख्ने र केही स्थानमा ढलान गर्ने काम भएको छ । आर्थिक बर्ष २०७६/०७७ देखि दुई बर्षसम्म पालिकाले बजेट विनियोजन गरेको थियो ।



## सडक स्तरउन्नतिमा जोड

वडा नं ७ खानीगाउँ प्रमुख सडक दोवाटो-खानीगाउँ-कल्लावारी-टाकीचौर सडक नियमित स्तरउन्नति गरिएको छ । ७ किलोमिटर सडकमा २०७६/०७७ देखि ३ बर्षसम्म नियमित बजेट विनियोजन गरिएको छ । पहिलो बर्ष ५ लाख, दोस्रो बर्ष १० लाख र चालु आर्थिक बर्षमा १४ लाख बजेट विनियोजन गरेर सडकको स्तरउन्नति गरिएको हो । यस सडकमा ग्राभेल बिच्छाउने, पक्की नाली निर्माण, हिमपाइप राख्ने र केही स्थानमा ढलान समेत गरिएको छ ।



## सडकहरू स्तरउन्नती

वडा नं. ८ बराङदीको ढावखोला-बसपार्क-मोतीगैरा.सडकको निरन्तर स्तरउन्नति भइरहेको छ । आर्थिक बर्ष २०७६/०७७ देखि तिन बर्षसम्म ५ लाखका दरले बजेट विनियोजन गरिएको छ । १५ लाख लागतमा सडक ग्राभेल, नाली निर्माण, हिमपाइप राख्ने र टेवा पर्खाल राखेर सडकको स्तरउन्नति गरिएको छ । पालिकाले नयाँ सडकभन्दा स्तरउन्नतिलाई प्राथमिकता दिएको छ ।



सडक ढलान

## सडक ढलानमा जोड

वडा नं. १ चिर्तुङधाराको सिद्धार्थ राजमार्गदेखि खोरबारी-शिखर-भलुवाचौर सडक ढलान गरिएको छ । आर्थिक बर्ष २०७७/०७८ मा १० लाख बजेट विनियोजन गरेर ५० मिटर सडक ढलान गरिएको हो । सामान्य बर्षाद्मा समेत हिलाम्मे हुने उकालो स्थानमा ढलान गरिएको हो । आर्थिक बर्ष २०७६/०७७ देखि करिब ८ किलोमिटर सडक खण्डमा निरन्तर काम भइरहेको छ ।



## ढलानले यातायात सहज

वडा नं. २ पोखराथोकको ठकुरीबारीदेखि कैनीखोला सडकमा ढलान गरिएको छ । आर्थिक बर्ष २०७७/०७८ मा १४ लाख र २०७८/०७९ मा २ लाख बजेट विनियोजन गरेर अप्ठ्यारा तथा उकालो स्थानमा ढलान गरिएको हो । अन्न भण्डार माडीफाँट आवतजावतमा सडक ढलान भएपछि सहज भएको छ ।



## उकालो सडकमा ढलान

वडा नं. ३ को नायर-ट्रान्समिटर-शिवालय मन्दिर सडकको उकालो स्थानमा ढलान गरिएको छ । आर्थिक बर्ष २०७६/०७७ मा १० लाख लागतमा ७ सय मिटर ढलान गरिएको हो । यो सडकको अन्य स्थानमा ग्राभेल समेत गरिएको छ ।



## खानीछाप सिरानटोल सडक ढलान

वडा वडामा उकालो र अप्ठारो सडकमा ढलान गरिएको छ । खानीछाप सिरानटोलमा करिब १० लाख लागतमा ४० मिटर सडक ढालन भएको हो । यस सडकबाट ५५ घर परिवार लाभाविन्त भएका छन् ।



## चिप्लो सडकमा ढलान उत्तम

वडा नं. ६ यम्घाको सिता माध्यमिक विद्यालयदेखि बुढाघर जोड्ने सडकमा ढलान गरिएको छ । यस सडकमा ३.५ मिटर चौडा हुने गरी ५० मिटर ढलान गरिएको हो । आर्थिक बर्ष २०७८/०७९ मा ५ लाख ५० हजार बजेट विनियोजन गरेर टेवा पर्खाल लगाउने र ढलान गर्ने काम गरिएको छ ।



## वडाका सडकहरू ढलान हुँदै

वडा नं. ८ बराङ्दीको बेलौतिखरक मोटरबाटोमा पनि ढलान गरिएको छ । चिप्लो र उकालोमा सवारी साधान चल्न अप्ठ्यारो भएपछि सडक ढलान गरिएको हो । आर्थिक बर्ष २०७७/०७८ मा ७ लाख र २०७८/०७९ मा ५ लाख बजेट खर्च गरेर एक सय १० मिटर ढलान गरिएको छ ।



## विद्यालय जाने सडक ढलान

वडा नं. ९ चापपानीको चन्द्र माध्यमिक विद्यालय जाने सडक ढलान गरिएको छ । आर्थिक बर्ष २०७६/०७७ मा १५ लाख लागतमा एक सय ७० मिटर ढलान गरिएको हो । विद्यालयसंगै माथिल्लो बस्तीमा जाने उकालो सडक भएकाले ढलान गरेर सवारी आजत जावतलाई सहज बनाइएको हो ।



## घोरबन्दा खानेपानी

वडा नम्बर नं. १ को घोरबन्दाको कुमालबस्तीमा एक घर एक धारा निर्माण गरिएको छ । आर्थिक बर्ष २०७६/०७७ मा ६ लाख र आर्थिक बर्ष २०७७/०७८ मा ५ लाख बजेट विनियोजन गरेर कुमालेभिरबाट लिफ्ट गरेर खानेपानी ल्याइएको हो ।



## धारादी तल्लो कोलडाँडा लिफ्ट

खानेपानी योजना वडा नं. ५ दर्लामडाँडामा धारादी तल्लो कोल्डाँडा लिफ्ट खानेपानीबाट ३५ घरमा धारा जडान भएको छ । यो योजना २५ लाख स्पैयाँमा सम्पन्न भएको हो । आर्थिक बर्ष २०७७/०७८ मा १५ लाख र २०७८/०७९ मा १० लाख रकम विनियोजन गरिएको हो ।



## लाम्दी शिखरडाँडा खानेपानी

पालिकाले वडा नं. ६ यम्घामा ग्राभेटी प्रणालीबाट समुदायस्तरमा खानेपानी सुविधा पुऱ्याएको छ । आर्थिक बर्ष २०७८/०७९ मा १३ लाख लागतमा करिब २४० घरपरिवारमा खानेपानी सुविधा पुऱ्याएको हो । पालिकाले एक घर एक धारा अभियान चलाएको छ ।



## कालीगण्डकी लिफ्ट खानेपानी

बगनासकाली गाउँपालिकाको खानेपानी अन्तर्गत सबैभन्दा ठूलो कालीगण्डकी लिफ्ट खानेपानी योजना हो । यो योजना पूरा भएपछि पालिकाको सबै घरमा एक घर एक धारा कार्यक्रम पूरा हुनेछ । यो योजना संघिय सरकार अन्तरगत सञ्चालित बहुबर्षीय योजना हो । यम्घा, दलमडाँडा, चापपानी र बराङदीसम्म एक घर एक धारा खानेपानी योजना लक्ष्य नजिक पुग्न सहयोग गर्दछ ।



## तातोपानी लिफ्ट रानीमहल

वडा नं ७ खानीगाउँ तानसेन रानीमहल सडक पारी पानीको मूलबाट लिफ्ट गरी खानीगाउँको नाचनडाँडामा मुख्य ट्याङ्की राखी वडा नं ७, ८ र ९ का ६ सय घरपरिवारमा पानी वितरण भएको छ । यो खानेपानी योजना संघीय सरकार अन्तर सञ्चालित योजना हो ।



## लिदिनखोला खानेपानी योजना

वडा नं. ८ बराङ्दीको यस खानेपानी योजनाबाट १०० घरपरिवार लाभान्वित भएका छन् । आर्थिक वर्ष २०७६/०७७ मा १५ लाख र त्यस पछिका दुई आर्थिक बर्षमा क्रमशः ५ र २ लाख गरी २२ लाख लागत हरेक बर्ष बजेट विनियोजनबाट ध्यूसिवाससम्म नियमित खानेपानी विस्तार गरिएको छ ।



## जरूवा खानेपानी लिफ्ट

वडा नं. ९ चापपानीको डाँडा भेगका जनतालाई लक्षित गरी जरूवा लिफ्ट खानेपानी योजना सञ्चालन गरिएको छ । यो खानेपानी योजनाबाट १ सय ६२ घरधुरीलाई लाभान्वित भएका छन । १ करोड ५० लाख रूपैयाँमा योजना सम्पन्न भएको छ ।



## अन्य संरचना

## कल्भर्ट निर्माण

बगनासकाली गाउँपालिका वडा नं. ३, ५ र ९ जोड्ने ठूलाखोलामा कल्भर्ट निर्माण गरिएको छ । २५ लाख लागत आर्थिक बर्ष २०७५/०७६ मा यो कल्भर्ट निर्माण भएपछि यस भेगका बासिन्दालाई लाभ पुगेको छ ।



## स्वामीरह झोलुङ्गे पुल

बगनासकाली गाउँपालिकाको वडा नं. ४ खानीछाप र रम्भा गाउँपालिकाको वडा नं ३ पिपलडाँडा जोड्ने गरी यो झोलुङ्गे पुल निर्माण गरिएको हो । यो पुल निर्माणसँगै बगनासकाली खानीछापका जनतालाई सिद्धार्थ राजमार्गसँगको पहुँच सहज भएको छ । आर्थिक वर्ष २०७७/०७८ मा ३४ लाख लागतमा पुल निर्माण भएको हो ।



## शव दहन ब्लक

कालीगण्डकी किनार वडा नं. ४ खानीछापको राम्दीघाटमा ४ वटासम्म शव दहन गर्न मिल्ने ब्लक बनाइएको छ । नदी बढेको बेला किनारमा शव दहन गर्न समस्या भएपछि वहाव नआउने सुरक्षित स्थानमा शव दहन ब्लक निर्माण गरिएको हो । आर्थिक बर्ष २०७७/०७८ मा ९ लाख खर्च गरेर शव दहन ब्लक बनाइएको छ ।



## बहरटारी कुलो

माडीफाँटका कृषि भूमि अर्थात् वडा नं. १ र २ लाई लक्षित गरेर सिंचाई कुलो स्तरउन्नति गरिएको छ । आर्थिक बर्ष २०७८/०७९ मा करिब ३ लाख ५० हजार बजेटमा ९९ सय मिटर कुलो स्तरउन्नति गरिएको छ । कुलो निर्माण भएसँगै झण्डै एक सय रोपनी खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुगेको छ ।



## ल्याण्डफिल साइट

बगनासकाली वडा नं. ३ आर्यभञ्ज्याङ क्षेत्रमा फोहोरलाई व्यवस्थापन गर्न बजारभन्दा टाढा ल्याण्डफिल साइट निर्माण गरिएको छ । आर्थिक बर्ष २०७५/०७६ मा ५ र दोस्रो आर्थिक बर्षमा ५ लाख बजेट विनियोजन गरेर ल्याण्डफिल साइट निर्माण गरेर बजारको फोहोर व्यवस्थित गर्न थालिएको छ ।



## कोठीचौर खेलमैदान

बहुउद्देश्यीय खेलमैदान निर्माण गर्ने उद्देश्यले पालिकाले यो खेलमैदान निर्माण थालेको छ । आर्थिक बर्ष २०७६/०७७ मा करिब १९ लाख लागतमा खेलमैदान क्षेत्र विस्तार, टेवा पर्खाल लगाउने, ट्रस भवन निर्माण गर्ने काम गरेको छ । आवश्यक संरचनाहरु निर्माण गरेपछि सबै किसिमका खेल यही मैदानमा खेलाउन सकिने योजना पालिकाको छ ।



## सिद्धबावा खेलमैदान

वडा नं. ८ बराङदीको ध्यूसिवासमा रहेको यो खेलमैदान आर्थिक बर्ष २०७७/०७८ मा निर्माण थालिएको हो । प्रदेश सरकारको एक पालिका एक खेलमैदान अन्तर्गत २५ लाख बजेटमा निर्माण थालनी भएको थियो । खेलमैदान बिस्तर, टेवा पर्खाल लगायतको काम भएको छ ।



## धारादी खेलमैदान

करिब १० लाख लागतमा वडा नं. ५ दर्लमडाँडामा धारादी खेलमैदान निर्माण गरिएको छ । स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम अर्न्तगत आर्थिक बर्ष २०७६/०७७ देखि खेलमैदान निर्माण थालनी भएको हो । खेलमैदान समथर बनाउने र झण्डै ५८ घनमिटर टेवापर्खाल लगाउने काम भएको छ ।



## बर्मा खेलमैदान

वडा नं. १ चिर्तुङ्धारामा रहेको यो खेलमैदान भलिवल खेलका लागि निर्माण गरिएको हो । स्थानीय युवाहरूको सक्रियतामा निर्माण भएको खेलमैदान बनेपछि भलिबल प्रतियोगिताहरू हुने गरेको छ ।



## व्याडमिन्टन कभर्ड हल

वडा नं. १ घोरबन्दामा पालिकाको सहयोगमा स्थानीय युवाहरूले व्याडमिन्टन कभर्ड हल बनाएका छन् । आर्थिक बर्ष २०७७/०७८ मा दुई लाख र दोस्रो बर्ष एक लाख पालिकाको सहित साझेदार व्यक्ति र संस्थाको सहयोगमा निर्माण गरिएको हो ।

## धार्मिक पर्यटन



## राधाकृष्ण मन्दिर

वडा नं. २ पोखराथोकमा राधाकृष्ण मन्दिर निर्माण गरिएको छ । आर्थिक बर्ष २०७८/०७९ मा ५ लाख बजेट विनियोजन गरेर मन्दिर बनाउने काम भएको हो ।



## आर्यशिव मन्दिर

वडा नं. ३ मा आर्यशिव मन्दिर निर्माण भइरहेको छ । आर्थिक बर्ष २०७७/०७८ मा ५ लाख र चालु आर्थिक बर्षमा २ लाख गरी करिब ७ लाख लागतमा मन्दिर निर्माण भइरहेको हो ।



## सिद्धगुफा धाम

वडा नं. ४ राम्दीमा रहेको धार्मिक स्थल सिद्धगुफाको संरक्षण र भौतिक पूर्वाधार निर्माणको काम भइरहेको छ । आर्थिक बर्ष २०७६/०७७ मा पालिकाले सिद्धगुफासम्म पुग्ने सडक र रेलिङ् निर्माण गरेको थियो । सिद्धगुफा क्षेत्रको विस्तृत विकासका लागि करिब १० करोड लागतको गुरूयोजना तयार गरेर लुम्बिनी प्रदेश सरकारसँग बजेट माग गरिएको छ ।



## दर्लममहाकाली भगवती मन्दिर

वडा नं. ५ रहेको पालिकाको मात्र नभै पाल्पाकै एक महत्वपूर्ण धार्मिक आस्थाको केन्द्र दर्लममहाकाली भगवती मन्दिरको संरक्षण निरन्तर भइरहेको छ । आर्थिक बर्ष २०७६/०७७ मा बजेट विनियोजन गरेर मन्दिर परिसरमा टायल विछ्याउने र मर्मत सम्भार गर्ने काम पालिकाबाट गरिएको छ ।



## सचिवालय भवन

वडा नं ८ बराङ्दीको धार्मिक स्थल शिवासन धाममा पालिकाले सचिवालय भवन निर्माण गरेको छ । आर्थिक बर्ष २०७८/०७९ मा ५ लाख बजेट विनियोजन गरेर धाममा सचिवालय बनाइएको हो ।





## भ्यूटावर र सत्यवती पोखरी

वडा नं. ७ खानीगाउँको पर्यटकीय स्थलको रूपमा नाचनडाँडा क्षेत्रमा भ्यूटावर, सत्यवती पोखरी सहितको पार्क निर्माण गरिएको छ । पालिकाको ५ लाख लागतमा पर्यटकलाई लक्षित गरेर भ्यूटावर निर्माण गरिएको छ । पोखरी र पार्क समेत निर्माण भएपछि यहाँको पर्यटकीय गतिविधि फस्टाउने देखिन्छ ।



## मालारानी मन्दिर

वडा नं. ९ चापपानी मालारानी मन्दिर क्षेत्रमा पूर्वाधार विकासको काम निरन्तर भइरहेको छ । २०७८/०७९ मा ७ लाख बजेट विनियोजन गरेर सांस्कृतिक भवन निर्माण गरिएको छ । चारकोठा र हलसहितको भवन निर्माण भएपछि मन्दिर व्यवस्थापनमा सहज हुनेछ ।

## विद्युतीकरण



## सडक सोलरबत्ती

पालिकाले चोक र बजार क्षेत्रमा सडक सोलरबत्ती राखेको छ । आर्थिक बर्ष २०७६/०७७ मा १९ र आर्थिक बर्ष २०७७/०७८ मा ५ वटा सडक सोलरबत्ती राखेर उज्यालो बनाएको हो । रातको समयमा बजारक्षेत्रमा हुने चोरी तथा अन्य गतिविधिलाई रोक्न सहयोग पुगेको छ ।



## काठको पोल विस्थापन

विद्युतका काठको पोलबाट जोखिम बढेपछि हटाउने अभियान पालिकाले थालेको थियो । आर्थिक बर्ष २०७५/०७६ मा २ सय ७२ पोल खरिद गरेर आवश्यकताअनुसार वितरण गरिएको थियो । नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा पालिकाभित्र काठको पोल विस्थापन भइरहेको छ ।



कृषि

## व्यवसायिक तरकारी खेती

वडा नं. १ चिर्तुङ्धाराको माडी वेलटाँरी र वडा नं. २ पोखराथोकको गोफेक क्षेत्रमा व्यवसायिक तरकारी खेती फस्टाएको छ । पालिकाले तरकारी पकेट क्षेत्र घोषणा गरेर बीऊ बीजन, विभिन्न प्रविधि सहित प्राविधिक सहयोग गरेर मौसमी र बेमौसमी तरकारी उत्पादनमा जोड दिएको छ । तरकारी खेति फस्टाएपछि यहाँका कृषकहरूको आयस्रोत बढेको छ ।



## माछापालनमा जोड

वडा नं. १ चिर्तुङधाराको माडीक्षेत्रमा व्यवसायिक माछापालन व्यवसाय सुरु भएको छ । स्मार्ट कृषि गाउँ कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेश सरकार र पालिकाले संयुक्त लगानी गरेर यहाँका कृषकहरूलाई माछापालनमा प्रोत्साहन गरेको हो । यस क्षेत्रमा माछापालनसँगै व्यवसायिक बाख्रापालन समेत सुरु भएको छ ।



## व्यवसायिक बाख्रापालन

वडा नं. ७ खानीछापका महिलाको मुख्य आम्दानीको स्रोत व्यवसायिक बाख्रापालन बनेको छ । यहाँका १७ वटा बाख्रापालन समूह बनेका छन् । १० देखी ९० वटासम्म बाख्रापालन गर्ने २ सय ११ भन्दा बढी घरपरिवार छन् । बार्षिक ५० हजारदेखी ४ लाखसम्म बाख्रा बिक्रीबाट प्रति घरपरिवारले आम्दानी गरेका छन् ।




प्राविधिक सहयोग : पाल्पा विकास केन्द्र, तानसेन, पाल्पा

# बगनासकाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चिर्तुङ्धारा, पाल्पा